**२०७९ साल श्रावण ०६ गते शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **अर्थ तथा सहकारी मन्त्रालयः** प्रदेश लगानी सम्मेलन, २०७९ को अवधारणा पत्र स्वीकृत गर्ने,

२. **आन्तरिक मामिला, कानुन तथा संचार मन्त्रालयः** आन्तरिक मामिला, कानुन तथा संचार मन्त्रालयको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने,

३. **आन्तरिक मामिला, कानुन तथा संचार मन्त्रालयः** सूचना तथा संचार प्रविधि प्रतिष्ठानको कार्यालय तथा अस्थायी दरबन्दी सम्बन्धीको प्रस्ताव स्वीकृत गर्ने,

४. **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने,

५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (साविक कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय) अन्तर्गत आर्थिक बर्ष २०७८/०७९ मा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कार्य सम्पन्न भई भुक्तानी हुन बाँकी रकमका सम्बन्धमा आधार, कारण र औचित्य समेत हेरी प्रचलित कानून बमोजिम अर्थ विविध शिर्षकबाट निकासा दिने व्यवस्था हुन अर्थ तथा सहकारी मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गर्ने,

६. लुम्बिनी प्रदेश, प्रदेश सभाको चालु दशौं अधिवेशन सम्वत् २०७९ श्रावण ०६ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।